# आर्थिक बर्ष २०८२/८३
# को बजेट वक्तव्य

**खार्पूनाथ गाँउपालिका**
**याङ्चुबजार, हुम्ला**
**२०८२, असार १० गते मगंलबार**

गाँउसभाको बैठकमा २०८२ साल असार १० गते आईतवार गाँउपालिकाका उपाध्यक्ष श्री ज्ञान वहादुर सिंह ज्यूले प्रस्तुत गर्नुभएको

आर्थिक बर्ष २०८२/८३ को बजेट वक्तव्य

खार्पूनाथ गाँउपालिका
याङ्चुबगर, हुम्ला
२०८२, असार

कर्ण वहादुर रावल
अध्यक्ष

सम्मानित अध्यक्ष ज्यू ,
वडाध्यक्ष ज्यूहरू
गाँउसभाका सदस्य ज्यूहरु,
उपस्थित महानुभावहरु,
पत्रकार मित्रहरु,

यस गरिमामय सभामा गाउँपालिका आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत कर्मचारीहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु तथा यस खार्पुनाथ गाँउपालिकाका पुर्व उपाध्यक्ष स्व सिन्धु हमाल शाही र पुर्व ४ नं वडा अध्यक्ष श्री लोकजंग हमाल र वडा नं ३ का वडा सदस्य सुत्त रावल प्रति भावपुर्ण भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर,समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ । गाउँपालिका उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिका पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।
सर्वप्रथम यस खार्पूनाथ गाँउपालिकाको १७ औं बजेट अधिवेशन तथा गाँउ सभा बैठकको अवसरमा उपस्थित सम्पूर्ण महानुभावलाई हार्दिक स्वागत गर्दछु । खार्पूनाथ गाँउपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलत:नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा

कर्ण वहादुर रावल
अध्यक्ष

अधिकार सूची,आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानीय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानीय तहको मध्यकालिन खर्च संरचना MTEF अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानीय तहले देखेका विविध विषयहरु, राष्ट्रीय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रीय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , कर्णाली प्रदेश सरकार प्राप्त मार्गदर्शन , गैर सरकारी संस्था संगको सहलगानी बाट प्राप्त बजेट सिलिङको अधिनमा रही सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न विषयगत समितिहरुको प्रतिवेदन समेतको आधार मा गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०८२।०८३को बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता साँस्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ । कृषि तथा औषधिजन्य जडिबुटीहरु पर्यटन जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको खार्पूनाथ गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक साँस्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्ति साथ यस खार्पूनाथ गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी खार्पूनाथ गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् । त्यसैले समृद्द खार्पूनाथ सुखी खार्नानाथ बासीको दिर्घकालिन सोचलाइ साकार पार्न हामी निरन्तर खटिरहेकै छौं ।

माननीय अध्यक्ष ज्यू सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,

कर्ण वहादुर रावल
अध्यक्ष

बजेट तथा कार्यक्रमको उदेश्य मुख्य मुख्य नीतिहरु अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**बजेटको प्रमुख उदेश्य:-**

१ आ.ब.२०८२।०८३ को यस खार्पूनाथ गाँउपालिकाको योजनाको प्रमुख उदेश्य आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरण गर्दै आवश्यक पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई समृद्धीको बाटोमा अघि बढाउनु रहेको छ ।

२ शिक्षा स्वास्थ्य कृषि पर्यटन जडिबुटी र जलश्रोतको समुचित ब्यवस्थापनका लागि बजेटको सहि परिचालन गरिनेछ ।

३ आन्तरिक रोजगार प्रबर्धन गर्दै बैदेशिक रोजगारलाइ निरुत्साहित गरिने छ ।

मानिनय अध्यक्ष ज्यू तथा सदस्य ज्यूहरु,

अब आ.व.२०८२।०८३को प्रस्तावित बजेट तथा आय व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आ.व. २०८२।०८३ को लागि खार्पूनाथ गाँउपालिकाको कुल प्रस्तावित बजेट रु. **४७६५००४९९।००** (अक्षेरूपी सठ्चालिस करोड पैंसठ्ठीलाख चार सय उनान्सय) रुपैया हुन आएको छ ।

| श्रोत | रकम रु. अंकमा | रकम रु. अक्षरमा |
|---|---|---|
| संघीय सरकारवाट प्राप्त सर्शत अनुदान (चालु तर्फ) | १४५४००००० | ( चौध करोड चौउन्न लाख मात्र) |
| संघीय सरकारवाट प्राप्त सर्शत अनुदान (पुँजिगत तर्फ) | ९५७००००० | नौ करोड सन्ताउन्न लाख मात्र |
| संघीय सरकारवाट प्राप्त सर्शत कुल जम्मा | **२४११००००००** | **चौविस करोड एघारलाख** |
| संघीय सरकारवाट प्राप्त समानिकरण अनुदान | ८४६०००००।०० | ( आठ करोड छयालिस लाख मात्र) |
| संघीय सरकारवाट प्राप्त राजश्व बाँडफाँड | ९११४८६२०।०० | ( नौ करोड एघार लाख अठचालिस हजार छ |

कर्ण वहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| | | सय विस मात्र) |
| संघीय समपुरक अनुदान(पुँजिगत तर्फ) **खेलकुद मैदान** | ६६०००००० | छैछट्टी लाख मात्र |
| संघीय विशेष अनुदान(पुँजिगत तर्फ) **बस्ति सुधार छाना कार्यक्रम** | ६८०००००० | अठसठ्ठी लाख मात्र |
| संघिय अनुदान जम्मा | ४३०२४८६२० | त्रिचालसि करोड दुइ लाख अठचालिस हजार छ सय विस मात्र |
| कर्णाली प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान | ८५५५०००।०० | (पचासि लाख लाख पचपन्न हजार मात्र) |
| कर्णाली प्रदेश सरकारवाट प्राप्त शसर्त अनुदान चालु तर्फ | २२०७०००।०० | ( बाइस लाख सात हजार मात्र) |
| कर्णाली प्रदेश सरकारवाट प्राप्त शसर्त अनुदान पुँजिग तर्फ | १३०००००० | एक करोड तिस लाख मात्र |
| कर्णाली प्रदेश सरकारवाट प्राप्त शसर्त अनुदान कुल जम्मा | १५२०७००० | एक करोड बाउन्न लाख सात हजार |
| कर्णाली प्रदेश सरकारवाट राजश्व बाँडफाँड | ११८९८७९।०० | ( एघार लाख उनानब्बे हजार आठ सय उनान्असी मात्र ) |
| प्रदेश सरकारबाट प्राप्त समपुरक पुँजिगत तर्फ | १४३०००००।०० | (एक करोड त्रिचालिस लाख मात्र) |
| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान चालु तर्फ | ४९०००००० | उनान्पचास लाख मात्र । |
| प्रदेश सरकारबाट प्राप्त जम्मा | ४४१५१८७९ | चार करोड एकचालिस लाख एकाउन्न हजार आठ सय उनान्असी मात्र |
| आन्तरिक श्रोत | २००००००।०० | ( विस लाख मात्र ) |
| | | |
| जम्मा | **४७६५००४९९।००** | (अक्षेरूपी सठ्चालिस |

कर्ण वहादुर रावल
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | | | करोड पैंसठ्ठीलाख चार सय उनान्सय) |
| | | | |
| सि.न | विषयगत क्षेत्र | अंकमा | अक्षरमा |
| १ | आर्थिक विकास | ४२८८५०४५।०० | चार करोड अठ्ठाइसलाख पचासी हजार पैंचालिस मात्र |
| २ | सामाजिक विकास | २०४८९५२१४ | बिस करोडअठ्चालिस लाख पन्चानब्बे हजार दुइ सय चौध मात्र |
| ३ | पूर्वाधार विकास | १०९५९५११५।०० | दश करोड पन्चानब्बे लाख पन्चानब्बे हजार एक सय पन्द्र मात्र |
| ४ | सुशासन तथा वाताबरण विकास | ३८१२००३९ | तिन करोड एकासी लाख विस हजार उनान्चालि मात्र) |
| ५ | कार्यलय संचालन तथा प्रशासनिक | ८१००५०८६ | आठकरोड दश लाख पाँच हजार छयासी माब |
| सबै क्षेत्रको कुल जम्मा | | **४७६५००४९९।००** | (अक्षेरूपी सठ्चालिस करोड पैसठ्ठीलाख चार सय उनान्सय) |
| चालू खर्चमा विनियोजित रकम रू. | | २७८३०५२६१ **(५८.४१८%)** | सत्ताइस करोड त्रियासी लाख पाँचहजार दुइसय एकसठ्ठी |
| पूजिगत खर्चमा विनियोजित रकम रू. | | १९८१९५२३८ (४१.५९%) | उन्नाइस करोड एकासी लाख पन्चानब्बे हजार दुइसय अठिस |

संघिय समानिकरण अनुदान बाट प्राप्त रकम रु ८४६००००० ,प्रदेस समानिकरण अनुदान बाट प्राप्त रकम ८५५५००० र आन्तरिक आय बाट प्राप्त रकम रु

कर्ण वहादुर रावल
अध्यक्ष

२०००००० गरी जम्मा ९५१५५००० लाइ देहाय बमोजिमका शिर्षकम विनियोजन गरेको छु ।

| | |
|---|---|
| सहलगानी | ४०८१२३९० (चार करोड आठ लाख बाह्र हजार तिनसय नब्बे) |
| वडा कार्यालयहरुमा | ११०००००००( एक करोड दश लाख) |
| शिक्षा तर्फ | १३४३२८४८ (एक करोड चौतिसलाख बत्तिस हजारआठसय अठचालिस) |
| स्वास्थ्य तर्फ | ९६०००००० (छयानब्बे लाख) |
| कृर्षी क्षेत्र तर्फ | १५०००००० (पन्द्रलाख) |
| पशु क्षेत्र तर्फ | १३०००००० (तेह्रलाख) |
| लक्षित बर्ग | १०००००० (दश लाख) |
| बहुक्षेत्रीय षोषण | १५०००० (एक लाख पचास हजार) |
| उद्धम विकास तर्फ | २००००० (दुइ लाख) |
| न्यायीक समिति | ५००००० (पाँचलाख) |
| रोजगार सेवा केन्द्र तर्फ | १५०००००० (एकलाख पचास हजार ) |
| मर्मत संभार कोष | १०००००० (दश लाख) |
| विपद व्यवस्थापन | १५९९७६२ (पन्द्रलाख उनासय हजार सात सय बैसठ्ठी) |
| सुचना प्रविधी | ८००००० (आठ लाख) |
| कर्मचारी क्षमता विकास | ५००००० (पाँचलाख) |
| कर्मचारी कल्याणकोष | १०००००० (दश लाख) |
| पश्जिकरण शाखा | ३६०००००० (तिनलाख साठी हजार) |
| सवारी साधन खरिद | २०००००० (विस लाख) |
| प्रारम्भिक वातवरणीय मुल्याङकन | १५०००००० (पन्द्र लाख) |
| जनता संग अध्यक्ष | ५०००००० (पचास लाख) |
| जनता संग उपाध्यक्ष | १७५०००० (सत्रलाख पचास हजार) |
| जम्मा | ९५१५५००० (नौ करोड एकाउन्न लाख पचपन्न हजार) |

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू वडाध्यक्ष ज्यूहरु लगायत वडासमितीहरु राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु वुद्धिजिविज्यूहरु विभिन्न राजनैतिक दलका साथीहरु नागरिक समाज पत्रकार, प्रमुख प्रशासकीय

कर्ण वहादुर रावल
अध्यक्ष

अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी  सम्पूर्ण खार्पूनाथ वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस खार्पूनाथ गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने खार्पूनाथ गाँउपालिकाकाका नागरिक कर प्रदायकहरु खार्पूनाथ गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धेरै आउन सक्छन सबै समस्याहरु एकैपटक समाधान  गर्नपनि नसकिएला तर बर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको समाधान गर्न हामी खार्पूनाथ वासी कटिबद्ध प्रतिवद्ध र एकताबद्ध भयौं भने अबश्यपनि खार्पूनाथ गाँउपालिकाको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ । आशावादी बनौं ।

धन्यवाद ।

**पेश गर्नेः**

ज्ञान वहादुर सिंह
गाँउपालिका उपाध्यक्ष
खार्पूनाथ गाँउपालिका, हुम्ला

कर्ण वहादुर रावल
अध्यक्ष